**SET – 4**

**Series : TYM**

कोड नं.
**Code No. 17**

रोल नं.
**Roll No.** | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपय पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **4** पृष्ठ छन् ।
- त्यसपछि प्रश्नपत्रको दाहिनेपटि सिरानमा भएको कोड संख्या उत्तर-पुस्तिकाको बाहिरी खोलमा लेख्नुहोस् ।
- कृपय जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा 7 वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपय हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजी बितरण गरिन्छ । 10.15 देखि 10.30 सम्मको समय खाली प्रश्न-पत्र पढ़नका निम्ति निर्धारित् गरिएको हुनाले यस अवधिभरि उत्तर-पुस्तिकामा केही पनि नलेख्नुहोस् ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **7** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* | *Maximum Marks : 80*

***THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :***

| | | | |
|---|---|---|---|
| ***SECTION A :*** *Reading Comprehension* | *(पढ़ाइ कौशल बोध)* | *15 marks* |
| ***SECTION B :*** *Grammar* | *(व्याकरण)* | *15 marks* |
| ***SECTION C :*** *Writing & Composition* | *(लेखाइ एवं रचना कौशल)* | *25 marks* |
| ***SECTION D :*** *Literature* | *(साहित्य)* | *25 marks* |

## SECTION – A (Reading Comprehension)

## खण्ड – क (पढ़ाइ कौशल बोध)

1. निम्न परिच्छेदलाई पढ़ेर सोधिएका प्रश्नहरुका उत्तर लेख्नोस् :

नेपाली हाम्रो मातृभाषा हो । यही भाषामा भाव प्रकट गर्न हामीलाई जति सुगम हुन्छ अरु कुनै भाषाद्वारा हुँदैन । अरु भाषाका माध्ययमद्वारा शिक्षा ग्रहण गर्नु पर्दा वास्तविक विषय सिक्न जति समय लाग्छ त्यसको दुइ गुणा समय व्यो भाषा सिक्नमा लाग्छ । फलतः रट्ने चलन वा मस्तिष्कलाई बोझ बोकाउने चलनको प्रचार हुन्छ ।

मातृभाषाको शिक्षा यति सुगम हुन्छ कि विध्यार्थीहरुले पढ़ेर व सुनेर मात्र पनि विचार गर्न सक्छन् औ ज्ञान-वृद्धि गर्न सक्छन् । विध्यार्थीवर्गले आदर्श भाव, हार्दिक विचार मातृभाषामा लेखिएका पुस्तकहरुबात नै प्राप्त गर्न सक्छन् । मातृभाषामा लेखिएको वा बोलिएको विचार ठीक प्रकट भएको हुन्छ औ बुझ्नेले पनि ठीक बुझ्न सक्छ ।

**प्रश्नहरु :-**

(क) हाम्रो मातृभाषा कुन हो ? **1**

(ख) अरु भाषाबात भन्दा यसबात हामीलाई के सुगम हुन्छ ? **1**

(ग) अरु भाषाको माध्ययमबात शिक्षा ग्रहण गर्न परेमा हामीलाई के असुविधा हुन्छ ? **2**

(घ) रट्ने चलन कसरी गुरु हुन्छ ? **1**

(ङ) मातृभाषाको माध्यममा शिक्षा ग्रहण गर्नाले के फायदा छ ? **2**

(च) विध्यार्थीवर्गले आदर्श भाव, हार्दिक विचार कसरी प्राप्त गर्न सक्छन् ? **2**

(छ) मातृभाषामा बोलिएको या लेखिएको विचार कस्तो हुन्छ ? **2**

(ज) तलका शब्दहरुलाई वाक्यमा प्रयोग गर्नोस् :- **2**
भाव प्रकट, सुगम ।

(झ) विध्यार्थीहरु मातृभाषा पढ़नमा किन कम ध्यान दिन्छन् ? **2**

## SECTION – B (Grammar)
## खण्ड – ख (व्याकरण)

2. तल सोधिएका सबै प्रश्नहरुका उत्तर लेख्नोस् :

(क) कर्म कारकको चिन्ह के हो ? ½

(ख) ‘कलमले लेख’ यहाँ कलमले भन्ने शब्द कुन कारकमा पर्छ ? ½

(ग) तलका समासलाई विग्रह गरेर लेख्नोस् : **2**
बाधचाल, गाईगोठ, सानीमा, केटाकेटी ।

(घ) निम्न वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नोस् :
कान ठाड़ो पार्नु, आँखा गाड़नु । **2**

(ङ) यी शब्दहरुलाई शुद्ध गरेर लेख्नोस् :
महिना, गरिब, यसरि, बहीनी । **2**

(च) तलका भिन्नार्थक शब्दहरुका अर्थ लेख्नोस् :
अर्ती – अर्थी, दिन-दीन । **2**

(छ) तलका शब्दहरुका दुइ–दुइवटा पर्यायवाची शब्द लेख्नोस् :–
अमृत, उपहार । **2**

(ज) सार शब्द लेख्नोस् :– **1**
दुइटै आँखा नमएको,
साना साना दाउरा ।

(झ) विपरीतार्थक शब्द लेख्नोस् :– **1**
अतिवृष्टि, नित्य

(ञ) हरि 'म काम गर्छु' भन्छ । **1**
यो वाक्यलाई अर्थानुवादमा परिवर्तन गर्नोस् ।

(ट) तलका करण वाक्यलाई अकरण वाक्यमा लेख्नोस् :– **1**
श्याम ढूलो मानिस हो ।
हामी भूटान गयौं ।

## SECTION – C (Writing & Composition)
## खण्ड – ग (लेखाइ एवं रचना कौशल)

3. (क) तलका कुनै एक विषयमायि **250** शब्द मित्रमा एउटा चाखलाग्दो निबन्ध लेख्नोस् :– **10**
   (1) समाजको विकासमा शिक्षाको महत्व,
   (2) अन्धविश्वासले जन्माएका कुरीतिहरु,
   (3) स्वच्छताबिना स्वस्थ वातावरण असम्भव छ

(ख) शरीर स्वस्थ र सुगठित बनाउन खेलकुदको भूमिका ढूलो हुन्छ भन्ने जानकारी गराउँदै आपन्नो भाइलाई खेलकुद विषय लिएर एउटा पत्र लेख्नोस् । **10**

(ग) नेपालीमा अनुवाद गर्नोस् :– **5**
   (i) I cannot sing as well as she does.
   (ii) What can I do for you ?
   (iii) I can Swim. Can you ?
   (iv) Here is the watch that you asked for.
   (v) We cannot live without water.

## SECTION – D (Literature)
## खण्ड – घ (साहित्य)

4. (क) "यो मनले चाहेर पनि कहाँ हुँदो रहेछ र !
मनको शक्तिभन्दा समयको अवस्था र वाध्यता
नै बलवान हुँदो रहेछ ।"
यो वाक्य कुन पाठबात निकालिएको हो ?
मनको शक्तिभन्दा बलवान कुन चीज हुँदो रहेछ ? **1½**

(ख) 'लोग्ने स्वास्वीको झगड़ा परालको आगो'
भन्ने उखान परालको आगो पाठमा कसरी व्याक्त मिलेको छ ? **2**

(ग) "व्यसैले छोरो सीधा-साधा भएर निस्कला भन्ने मलाई बढ़ो चिन्ता छ ।"

(i) यो वाक्य कुन पाठबात निकालिएको हो ? ½

(ii) यहाँ लेखकलाई बढ़ो चिन्ता केमा छ ? **1**

(घ) 'म मेरो प्रयोगशालामा तिम्री क्लोरिना जस्तै अर्की क्लोरिना तयार गर्न सक्छु' भन्ने व्यक्ति को हो ? यो उनले कसलाई भनेको हो ? **1**

(ङ) "हे महाकाल बाबा ! तिमी छौ राख्ने बचाउने !" यहाँ महाकाल बाबालाई पुकार्ने व्यक्ति को हो ? उनले महाकाललाई किन पुकारेको ? **2**

5. तल सोधिएका प्रश्नहरुका उत्तर लेख्नोस् :- **4 × 2 = 8**

(क) 'मित्र छ ईश्वर बाहिर आँखा
खोजी हिँड़छौ कुन पुर ?'
यी पंक्तिको भावार्थ लेख्नोस् ।

(ख) तलका कवितामा कविते के भन्न चाहेका छन् ?
'हुँदैन विहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुइ-चार सपुत मरेर नगए ।'

(ग) अमृतको कण होइन तर विष जस्तो नाशक
भएर बाँच भनेर कविले छोरालाई किन भनेका हुन् ?

(घ) 'यात्री' कविता अनुसार ईश्वरलाई हामी कहाँ कहाँ पाउन सक्छौं ?

6. तल सोधिएका सबै प्रश्नहरुका उत्तर लेख्नोस् :-

(क) पुलबात हामफाली झर्ने केटीको नाम के हो ? यो विषय कुन पाठमा पढ़ने गर्छौं ? **1**

(ख) 'प्रायश्चित' पाठको रचयिता को हुन् ? **1**

(ग) 'देवी जस्तो आमालाई सताएको प्रायश्चित काका' भनेर भन्ने व्यक्ति को हुन् ? **1**

(घ) परिबन्द कथाका दुइ प्रमुख पात्र-पात्राहरुको नाम लेख्नोस् । **1**

(ङ) ऐते पाइलटले रेलको कामबाहेक आमदानी बढ़ाउने अर्को काम के गर्यो ? **1**

7. (क) मन बहादुर मुखिया नाटक लेखनबाहेक अरु कुन कुरोमा निपुण थिए ? **1**

(ख) डा. घनश्याम नेपाल कुन राज्यको कुन ठाउँमा जन्मेका थिए ? **1**

(ग) तुलसी बहादुर छेत्रीको नाम पहाड़ि कुन शब्द जोड़िएको पाउँछौं ? **1**

(घ) शिव कुमार राईका दुइवटा पुस्तक-हरुको नाम लेख्नोस् । **1**

---